## झापा जिल्लाको दमकमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ कार्तिक २१ गते देखि २३ गतेसम्म झापा जिल्लाको दमकमा “ब्यवसायिक कुखुरापालन तालिम” सम्पन्न गरेको संस्थाका दमक कार्यालयका शाखाप्रमुख श्री उदयराज पोखेलले जानकारी गराएका थिए। यस तालिममा प्रशिक्षक श्री सन्तोष खनाल, शाखाप्रमुख श्री उदयराज पोखेल र क्षेत्रीय प्रमुख श्री जगत भट्टराई रहेका थिए ।

लघुउद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुखले बताएका थिए। तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको दमक शाखाका प्रमुख श्री उदयराज पोखेलले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता, ब्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । संस्थाले २०७६ आश्विन मसान्तसम्ममा ३ लाख ६४ हजार ९ सय ३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ आश्विन मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब १३ करोड ६९ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ११ अरब ६५ करोड ०२ लाख बचत परिचालन गरेको छ ।



कुखुरापालन व्यवसायको परिचय, स्थानीय र उन्नत जातमा भिन्नता, महत्व, आवश्यकता र वर्तमान स्थिति तथा बोईलर एंव लेयर्स कुखुराको जातीय परिचय र बोईलर पाल्नको कारण तथा महत्व, कुखुरापालन विधि, खोरको महत्व, उन्नतवा सुरक्षित खोर निर्माण गर्न ठाउँको छनौट, स्थानीय श्रोतसाधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउनपूर्व गर्न पर्ने तयारीहरु, गुणस्तरिय चल्लाको पहिचान, ब्रुडिङ्गको परिचय, ब्रुडिङ्ग हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो तथा गर्मीयाममा चल्ला ब्रुडिङ्ग गर्ने तरिका एवम ब्रुडिङ्ग हाउसमा उपयुक्त तापक्रमको महत्व र ब्रुडिङ्ग गर्दा ध्यानदिनु पर्ने कुराहरु, ब्रुडिङ्ग गर्दाको

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

अवस्थामा एण्टिबायोटिक, भिटामिन तथा ईलेक्ट्रोलाईटको महत्व, चल्लाको आहार, उन्नतदानाको महत्व, किसिम र स्थानीयश्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, चल्लाको जात, उमेर अनुसार भूँई क्षेत्र, दानापानी, भाँडाकुँडाको आवश्यकता र शारिरिक तौलमा वृद्धि, रोगको परिचय, कुखुरामा रोग लाग्नाको कारणहरु, रोगी तथा निरोगी कुखुराको पहिचान गर्ने तरिका र रोगबाट बच्ने उपायका साथै कुखुरापालन व्यवसायमा बायोसेक्युरिटीको महत्वबारे जानकारी, रानीखेत, गम्बारो तथा Mareks को पुल्लोरम, कुखुराको हैजातथा कक्सिडियोसिस रोगको परिचय, लक्षण, उपचार तथा रोकथाम, खोपको महत्व, खोपहरु प्रयोग गर्ने तरिका, बोईलर कुखुराको खोप कार्यक्रम र खोर संक्रमण मुक्तपार्ने तरिका बारे जानकारी साथै कुखुरापालन कृषकको खोरमा अध्ययन भ्रमण, दुषित दानापानी तथा भिटामिन र खनिज तत्वको कमीबाट लाग्ने रोगहरु र आन्तरीक तथा वाह्य परिजिविबाट लाग्ने रोगहरुको परिचय, लक्षण, उपचार तथा रोकथामका उपायहरु, कुखुरापालन व्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका तथा कुखुरापालन व्यवसायको बजार व्यवस्थापन, कुखुरापालनको स्किम, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको शाखाप्रमुखले बताएका थिए । व्यवसायिक रुपमा कुखुरापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री जगत भट्टराईले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री शुकराज रम्तेल र श्री तारा देबी तामांगले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा कुखुरापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसलाप्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 